१६औं

कार्यपालिकाको ~~सोह्रौं~~ बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल पौष महिनाको २३ गते शनिबार

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर खत्री, सूचना अधिकारी

श्री सागर पौडेल, लेखापाल

प्रस्तावहरु:

१. आ.व. २०७९/८० मा अ.ल्या. रकम विनियोजन सम्बन्धमा।

२. रकमान्तर र शिर्षकान्तर सम्बन्धमा ।

३. प्रशासकीय भवनका लागि जग्गा व्यबस्थापन।

४. दरवाङ प्राथमिक स्वास्थ्य केन्द्र स्तरोननती ।

५. राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता व्यबस्थापन खर्च ।

६. पोषण कार्यक्रम संचालन ।

७. विपद व्यबस्थापन ।

८. LISA को नतिजा अनुमोदन ।

९. राष्ट्रपति शैक्षिक सुधार मार्फत निर्माणाधिन विद्यालय भवनमा रकम साझेदारी गर्ने सम्बन्धमा ।

१०. अन्य संघ संस्था सहयोग शिर्षकमा रकम थप ।

११. PHC मा मेशसनरी तथा विद्युत व्यबस्थापन ।

१२. सामुदायिक विद्यालयलाई अनुदान ।

१३. आयुर्वेदिक औषधि खरिद ।

१४. दरवाङ बजार ढलानको कामको रकम सुनिश्चितता ।

१५. कर्मचारी कल्याणकारी कोषको रकम ।

१६. क्रियाशिलता देखाउने कर्मचारी प्रोहोत्साहन ।

१७. किसानी माध्यमिक विद्यालय तथा प्राविधिक शिक्षालय ।

१८. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

१९. समपुरक अनुदानमा रकम थप ।

२०. पहार ट्रस्ट संगको साझेदारी ।

२१. विविध।

निर्णय:

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | आ.व. २०७८/७९ मा अ.ल्या. रहेको रकम ४ करोड २० लाख ८९ हजार रकमलाई विविध शिर्षकहरुमा थप गर्ने निर्णय गरियो । | |
| २. | आ.व. २०७९/८० को विषयगत समितिमा छलफल भएका कार्यक्रम तथा योजनाहरुको शिर्षकान्तर तथा रकमान्तर गर्ने निर्णय गरियो। | |

| | |
|---|---|
| ३. | आ.व. २०७९/८० मा मालिका गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ जग्गा व्यवस्थापन गर्न अक्षरुपी एक करोड (रु१,००,००,०००।-) रुपैयाँ अ.ल्या रकमबाट विनियोजन गर्ने निर्णय गर्ने । |
| ४. | आ.व. २०७९/८० दर्बाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्न आवश्यक अ.ल्या रकमबाट ४० लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो । |
| ५. | राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता व्यवस्थापन खर्चका लागि शसर्त अनुदान अपर्याप्त देखिएकोले हिउँदे अधिबेशनबाट रु १२,००,०००। (अक्षरेपिः बाह्र लाख रुपैयाँ मात्र) अ.ल्या. रकमबाट राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता व्यवस्थापन शिर्षकमा विनियोजन गर्ने निर्णय गरियो। |
| ६. | आ.व. २०७९/८०का लागि पोषण कार्यक्रम संचालनका लागि रु ५,००,००० (अक्षरेपिः पाँच लाख रुपैयाँ मात्र) अ.ल्या रकमबाट विनियोजन गर्ने निर्णय गरियो। । |
| ७. | आ.व. २०७९/८० मा विपद व्यवस्थापन अन्तर्गत चालु आ.व. मा वडा स्थित मनसुनजन्य बाढी पहिरो व्यवस्थापनमा भएको खर्चको भुक्तानी माग भन्दा विनियोजन भएको रकम कम भएको र भुक्तानी दिनुपर्ने दायित्व बाँकी रहेकोले हिउँदे अधिबेशनबाट रु ३५,००,००० (अक्षरेपिः पैतिस लाख रुपैयाँ मात्र) अ.ल्या रकमबाट विपद् व्यवस्थापन शिर्षकमा विनियोजन गर्ने निर्णय गरियो। |
| ८. | आ.व. २०७८/८९को स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकनका विषयक्षेत्र अन्तर्गत स्वमुल्यांकन गर्दा शासकीय प्रवन्ध-६२.२२% संगठन तथा प्रशासन-९०.६३% वार्षिक बजेट तथा योजना व्यबस्थापन ६८.१८% वित्तीय एवं आर्थिक व्यबस्थापनमा ७५% सेवा प्रवाहमा ८१.२५% न्यायिक कार्य सम्पादनमा ५७.१४% भौतिक पुर्वाधारमा २६.९२% र सामाजिक समावेशीकरणमा ७०% गरी जम्मा औषत प्रासाङ्क ६२ % लाई अनुमोदन गरियो । |
| ९. | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्राप्त अनुदानबाट योजनाहरु सम्पन्न गर्न रकम अपुग हुने प्राविधिक लगत इस्टिमेटका आधारमा गत आ.व. २०७८/८९ मा प्राप्त कार्यक्रममा अमरज्योति मा. वि. लाई १५ लाख रुपैयाँ र आ.व. २०७९/८० का लागि राष्ट्रिय मा.वि. रुमलाई १७ लाख तथा मालिका आ.वि. लाई ५ लाख पचास हजार रुपैयाँ अ.ल्या रकमबाट विनियोजन गर्ने निर्णय गरियो । |
| १०. | आ.व. २०७९/८० का लागि अन्य संघ संस्था सहयोग शिर्षकमा रकम हिउँदे अधिबेशनबाट थप रु ५,००,०००। (अक्षरेपिः पाँच लाख रुपैयाँ मात्र) अ.ल्या रकमबाट विनियोजन गर्ने निर्णय गरियो। |

| | | |
|---|---|---|
| ११. | PHC मा मेशसनरी तथा विद्युत व्यबस्थापनका लागि निर्णय ४ बाट खर्च हुने गरी व्यबस्थापन गर्ने निर्णय गरियो । | |
| १२. | आ.व. २०७९/८० का लागि यस गाउँपालिका अन्तर्गतका प्रस्तावित माध्यमिक तथा आधारभुत विद्यालयमध्ये दरवन्दी नभएका विद्यालयलाई विद्यालयको माग फारमको आधारमा आधारभुत तथा माध्यमिक विद्यालयलाई तहगत रुपमा ३० लाख रुपैयाँ अनुदान अ.ल्या रकमबाट उपलब्ध गराउन गाउँसभामा पेश गर्ने निर्णय गरियो । | |
| १३. | आ.व. २०७९/८० का लागि आयुर्वेदिक औषधि खरिदका लागि रु ३,००,००० (अक्षेरेपिः पाँच लाख रुपैयाँ मात्र) अ.ल्या रकमबाट विनियोजन गर्ने निर्णय गरियो। । | |
| १४. | आ.व. २०७८/७९का लागि प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान कार्यक्रम दरवाङ बजार कालोपत्रे बाट हाल दरवाङ बजार ढलानको काम निरन्तर चलिरहेको अवस्थामा रकम सुनिश्चितताका लागि गण्डकी प्रदेश सरकारलाई पत्राचार गर्ने निर्णय गरियो । | |
| १५. | कल्याणकारी कोषको रकम खशिला गुरुङ्गको नाममा जिल्ला समन्वय समिति मार्फत यस कार्यालयलाई प्राप्त भएकोमा यस कार्यालयबाट रकम थप नभएको अवस्थामा निजलाई नै भुक्तानी दिने निर्णय गरियो । यस सम्बन्धि निर्णय गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो । | |
| १६. | गत आ.व. २०७८/७९मा कार्यसम्पादनमा उच्च क्रियाशिलता देखाउने कर्मचारीहरुलाई प्रोहोत्साहन स्वरुप तपसिलका कर्मचारीहरुलाई कर्मचारी प्रोहोत्साहन शिर्षकबाट रु २ लाख रुपैयाँ दामासाही रुपमा उपलब्ध गराउने निर्णय गरियो ।<br>१. सन्तु कुमारी कार्की खत्री- स्वास्थ्य संयोजक<br>२. एलिना पुर्जा पुन- प्राथमिक स्वास्थ्य केन्द्र<br>३. सागर पौडेल- आर्थिक प्रशासन शाखा प्रमुख<br>४. सावित्री गर्बुजा- रोजगार संयोजक<br>५. दीपक सापकोटा- प्राविधिक शाखा संयोजक<br>६. यमन नेपाली- प्राथमिक स्वास्थ्य केन्द्र<br>७. जंग बहादुर पुन-- प्राथमिक स्वास्थ्य केन्द्र<br>८. लिलाधर गैरे कार्यालय सहयोगी | |
| १७. | वडा नं ७ स्थित किसानी मा.वि. प्राविधिक शिक्षालयलाई दिगो रुपमा सञ्चालन गर्ने एवम् विद्यार्थीहरुलाई सहुलियत प्रदान गर्न, शिक्षकहरुको सुबिधा एवम् सहज | |

| | | |
|---|---|---|
| | सञ्चालन तथा व्यवस्थापन गर्न बार्षिक रुपमा गाउँपालिकाले आर्थिक अनुदान प्रदान गर्नु पर्ने देखिएकोले आगामी आ.व. को बजेट निर्माणको चरणमा छलफल गरी निर्णय गर्ने । | |
| १८. | मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्यांकन समितिले गरेको मूल्यांकनका आधारमा मापदण्ड बमोजिमको अङ्क प्राप्त गर्ने करार कर्मचारीको म्याद थप गर्ने निर्णय गरियो । | |
| १९. | आ.व. २०७९/८० समपुरक अनुदानमा अ.ल्या रकमबाट रकम रु १ करोड ३१ लाख रुपैयाँ थप गर्ने निर्णय गरियो । | |
| २०. | गौ बमबस्त मा वि मालिका ५ मा पहार ट्रस्ट संग साझेदारी गर्न समपुरक कोष बाट खर्च गर्ने गरी रु १५ लाख रुपैयाँ यस आब मा विनियोजन गर्ने निर्णय गरियो । | |
| २१. | क) प्रतिनर्मा आधारभुत विद्यालय वडा नं ५ लाई रु ३ लाख रुपैयाँ ,<br>औल रुम जोड्ने मोटर बाटोका लागि रु ८ लाख रुपैयाँ<br>ओखरबोट भनारी घुम्ती मर्मतका लागि रु ५ लाख रुपैयाँ र पाइप खरिदका लागि रु ५ लाख रुपैयाँ अ.ल्या रकमबाट विनियोजन गर्ने निर्णय गरियो ।<br>ख) आ.व. २०७८/७९ अल्काचौर दुखु सम्म मोटरबाटो मर्मत गरेको गत आ.ब.मा भुक्तानी बाँकी रकम रु ९९ हजार ६ सय २८ रुपैयाँ प्राविधिक लागत इस्टिमेटका आधारमा भुक्तानी दिने निर्णय गरियो । | |
| | | |